राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असोज ३१ गते

## राष्ट्रसंघीय मानव अधिकार परिषद् सदस्यमा नेपाल निर्वाचित ।
## मानव अधिकारको सम्मान र संरक्षण हुनेमा आयोग विश्वस्त !

संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्यमा नेपाल निर्वाचित भएकोमा राष्ट्रिय मानव अधिकार आयोग हर्ष प्रकट गर्दछ । निर्वाचन प्रक्रियाको क्रममा नेपाल सरकारको कुटनीतिक पहलको सह्राहना गर्दै नेपाललाई निर्वाचित गराउन सहयोग पुर्‍याउने राष्ट्र संघका सबै सदस्य राष्ट्रहरुप्रति आयोग आभार प्रकट गर्दछ ।

मानव अधिकार परिषद्मा नेपालको उपस्थितिले देश भित्रको विद्यमान दण्डहीनताको अवस्थाको अन्त्यका लागि महत्वपूर्ण योगदान पुग्न सक्ने आयोग अपेक्षा गर्दछ । देश भित्र यातना, गैरन्यायिक हत्या लगायतका गम्भीर एवं जटील स्वरूपमा रहेको संक्रमणकालीन न्यायको प्रभावकारी र मान्य सम्बोधन, मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मानमा पनि नेपाल सरकारको पर्याप्त ध्यान पुग्ने छ भन्नेमा आयोग विश्वस्त छ ।

मानव अधिकार परिषद्मा नेपालको उपस्थितिले अन्तर्राष्ट्रिय जगतमा यसको सम्मान र संरक्षण तथा आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि विगतमा गरेका सिफारिसहरूको कार्यान्वयन, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाहरूको क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिवद्धताहरूको कार्यान्वयन र कानूनी शासनमा समेत उल्लेखनीय प्रगति हुनेमा आयोग विश्वस्त छ ।

मोहना अन्सारी
सदस्य / प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: wmn.nhrcnepal.org